# आमा बुवा र अभिभावकहरुको लागि जानकारी

## पेनसलभेनिया किस्टोन (Keystone) परिक्षा

**किस्टोन परिक्षा के हो?**

पाठ्यक्रमको अन्तमा शैक्षिक सामाग्रीहरुमा प्रविणताको मुल्याङ्कन गर्न परिक्षा हो। २०१७ साल देखी स्नातक प्राप्त गर्न विद्यार्थीहरुले बिज गणित १, साहित्य, र जिव बिज्ञान बिषयहरुमा प्रविणता प्राप्त गर्नु पर्छ। विद्यार्थीहरु बिद्यालयमा हुँदा किस्टोन परिक्षा लिने धेरै मौका पाउने छन्।

**किस्टोन परिक्षामा को भाग लिन्छन्?**

२०१२ - २०१३ मा बिज गणित १, साहित्य, र जिव बिज्ञान किस्टोन परिक्षाले विद्यार्थी, शिक्षक र बिद्यालयको जिम्मेवारि बढाउन कक्षा ११को पेनसलभेनिया बिद्यालय प्रणाली परिक्षाको (PSSA) गणित, पढाई, र बिज्ञान परिक्षाहरुको ठाउँमा राखिएको हो। विद्यार्थीहरुले किस्टोन परिक्षा किस्टोन सँग सम्बन्धित पाठ्यक्रमको अन्तमा लिनु पर्ने छ। विद्यार्थीको परिक्षाको परिणाम उच्च माद्यामिक बिद्यालयको तेस्रो बर्ष सम्म उत्तरदायित्वको उद्धेश्यको लागि राखिन्छ र चौथो बर्ष सम्म स्नातकको लागि राखिन्छ। किस्टोन सँग सम्बन्ध बिषय लिएको तर किस्टोन परिक्षा नलिएका विद्यार्थीहरुले उत्तरदायित्वको उधेश्यको लागि परिक्षामा भाग लिने छन्। किस्टोन परिक्षामा प्रविणता नभएका विद्यार्थीहरु पुन रुपमा परिक्षा लिना सक्ने छन्।

**परिक्षाहरु कहिले प्रदान गरिन्छ?**

किस्टोन परिक्षा हरेक बर्ष तीन समयमा प्रदान गरिन्छ- जाडो महिनामा, बसन्त ऋतुमा र गर्मी महिनामा। बिशिष्ट प्रशासनको मिती पेनसलभेनिया शिक्षा बिभाग द्वारा वेब साइटमा प्रकाशन गरिन्छ: www.pdesas.org .

**किस्टोन परिक्षाले के नाँप गर्छ भनेर कस्ले निर्णय गर्छ?**

पेनसलभेनिया राज्यका शिक्षकहरुको समुहले आफ्नो क्षेत्रको आधारमा किस्टोन परिक्षा आधरित छ। यो समुहमा शिक्षक, रेख देख गर्ने व्यक्ति, पाठ्यक्रम निर्देशक, कलेज बिशेषज्ञ सम्मिलित हुन्छन्। यो समुहले परिक्षाको प्रश्नहरुको समिक्षा, सम्पादन, स्विकार गरिन्छ।

**किस्टोन परिक्षामा के मुल्याङ्कन गरिन्छ?**

पेनसलभेनिया राज्यले विद्यार्थीहरुले कालेजमा र काममा सफलताको आपेक्षा गर्न मुख्य साधारण स्तर सँग संरेखित गरिएको हुन्छ। किस्टोन परिक्षा यि स्तरहरुको नाप गर्न बनाइएको हो।

**किस्टोन परिक्षाको प्रशासन कती लामो हुन्छ?**

किस्टोन परिक्षा पुरा गर्न विद्यार्थीलाई समय सिमित छैन। हरेक किस्टोन परिक्षा पुरा गर्न विद्यार्थीलाई २ देखी ३ घण्टा लाग्न सक्छ। हरेक परिक्षामा दुई भाग हुन्छन् र हरेक भाग पुरा गर्न १ देखी १.५ घण्टा लाग्न सक्छ। बिद्यालय जिल्लाले पुरा किस्टोन परिक्षाको प्रशासन गर्न सक्ने छ वा हरेक भाग बिभिन्न दिनमा गर्न सक्ने छ।

**किस्टोन परिक्षा कुन ढाँचामा उपलब्ध छ?**

किस्टोन परिक्षा दुबै अन्लाईन र कागज कलम ढाँचामा उपलब्ध हुन्छ। बिद्यालय जिल्लाले अन्लाईन वा कागज कलम प्रयोग गर्ने वा दुबै प्रयोग गर्ने कुरा निर्धारित गर्छ। परिक्षा छुटेको खण्डमा पुन रुपमा दिने परिक्षा अन्लाईन वा कगज कलम द्वारा प्रशासन गरिन्छ।

**के विद्यार्थीहरुले अन्लाईन किस्टोन परिक्षा दिनु भन्दा अगाडि अन्लाईन परिक्षाको अनुभव गर्ने मौका पाउने छन?**

किस्टोन परिक्षाको लागि अन्लाईन परिशिक्षण कार्यक्रमहरुको बिकास गरिएको छ। पेनसलभेनीया अन्लाईन परिक्षा विद्यार्थी परीशिक्षणले चित्र, गती, र आवाजको प्रयोग गरी पेनसलभेनीया परिक्षा प्रणालीको बिशेषता र गुणहरु प्रदान गर्न दृश्य र मौखिक विवरणहरु प्रदान गर्छ। विद्यार्थीहरुले आवश्यकता पुरा भए सम्म यो कार्यक्रम दोहोराउन सक्छन्। अन्लाईन उपकरण अनुशिक्षण ले पेनसलभेनीया राज्य अन्लाईन मुल्याङ्कन सफ्टवेर हेर्न र प्रयास गर्ने मौका दिन्छ। यो उपकरणमा विद्यार्थीहरुलाई टाईप गर्ने, वृत्तान्त ढाँचामा उत्तर दिने, फन्कशनहरुको लेखा चित्र बनाउने र उपकरणको प्रयोग

गरी समिकरण गर्न अभियास गर्ने मौका प्रदान गर्छ। अन्लाईन परिक्षामा "help" भन्ने सुबिधा उपलब्ध छ।

**किस्टोन परिक्षामा कस्ता प्रश्नहरु हुन्छन्?**
किस्टोन परिक्षामा धैरै उत्तर भएका प्रश्नहरु र उत्तर बनाउने प्रश्नहरु वा खुल्ला उत्तर प्रश्नहरु सम्मिलित हुन्छ। हरेक किस्टोन परिक्षामा ६० देखी ७५ प्रतिशत धैरै उत्तर भएका प्रश्नहरु हुन्छ र २५ देखी ४० प्रतिशत प्रश्नहरु उत्तर बनाउने प्रश्नहरु बाट हुन्छ।

**लिखित उत्तर बनाउने प्रश्नहरुलाई कसरी अंक दिइन्छ?**
उत्तर बनाउने प्रश्नहरुको लिखित उत्तरहरु पहिला निर्धारित गरिएको अंक प्रणालीमा अनुशिक्षित भएका मुल्याङ्कन गर्ने व्यतिहरु द्वारा गरिन्छ। अंकहरु लिखित उत्तरमा भर पर्छ। हिज्जे र व्याकरण चिन्नाहरु सम्मिलित हूँदैन। उत्तर बनाउने प्रश्नहरुको लागि विद्यार्थीहरुले आफ्नो काम देखौनु पर्छ वा तर्क बुझाउन आवश्यक हून्छ। यि किस्टोन परिक्षाहरुले विद्यार्थीहरुलाई बुझाउन, बिश्लेषण गर्न र व्याख्या गर्न लगाउँछ। अरु प्रश्नहरुमा विद्यार्थीहरुले हिसाब देखाउनु पर्छ, लेखा चित्र बनाउनु पर्छ वा अरु चित्रहरु बनाउनु पर्छ।

**परीणामहरु कसरी विवरण गरिन्छ?**
किस्टोन परिक्षाको अंक जती सक्दो चाँडो प्रकृया गरिन्छ र बिद्यालय जिल्लाहरुलाई प्रदान गरिन्छ।

किस्टोन परिक्षाको विद्यार्थीको व्यक्तिगत रिपोर्टको दुई प्रतिलिप बिद्यालय जिल्लालाई र चार्टर बिद्यालयलाई प्रदान गरिन्छ। एउटा प्रतिलिप आमाबुवा वा अभिभावकलाई पठाइन्छ र एउटा प्रतिलिप बिद्यालय जिल्लाले राख्ने छ।

बिद्यालय तहको रिपोर्ट योजनाको लागि प्रयोग गरिन्छ। बिद्यालय जिल्ला र चार्टर बिद्यालयहरुले किस्टोन परिक्षाको परिणाम प्रकाशित गरिन्छ। राज्यले पनि बिद्यालयको लागि परिक्षाको जानकारी प्रकाशन गर्ने छ।

**के आमाबुवाहरुले किस्टोन परिक्षा हेर्न सक्ने छन्?**
परिक्षाले आफ्नो धर्म सँग बिरोध गएको भनेर विश्वाश गरेको खण्डमा आमा बुवा र अभिभावकहरुले बिद्यालयको परिक्षा संचालक सँग प्रबन्दन गरी परिक्षा बिद्यालयमा आएपछी किस्टोन परिक्षाको समिक्षा गर्न सक्ने छन्। गोप्यनियता सम्झौता सही गर्नु पर्छ र किस्टोन परिक्षा प्रतिलिप लिन अनुमती छैन र परिक्षाको बारे टिप्पणी बिद्यालय बाहिर लान अनुमती छैन।

किस्टोन परिक्षाको समिक्षा गरेपछी यदी आमा बुवा वा अभिभावकलाई आफ्नो बालकलाई धर्मको कारण परिक्षामा भाग लिन दिन मननलागेको खण्डमा बिद्यालय जिल्लाको अधिक्षकलाई वा चार्टर बिद्यालय को अधिक्षकलाई परिक्षा सुरु हुनु भन्दा अगाडि पत्र लेख्नु पर्ने हुन्छ।

**योजनामा आधारित परिक्षाहरु (PBAs) के हुन?**

पि बि ए किस्टोन परिक्षाको एकाइ सँग संरेखित गरिएको छ। २०१७ सालमा स्नातक हुने कक्षा देखी स्नातकको आवश्यकताहरु पुरा गर्ने बिकल्प प्रदान गर्छ। दुई वटा किस्टोन परिक्षामा विद्यार्थी असफल भएको खण्डमा विद्यार्थीले पास नभएका किस्टोन परिक्षामा पि बि ए (शैक्षिक परियोजना आधारित मूल्यांकन - Project Based Assessments या PBAs) गर्न पाउने छ। पि बि ए सुरक्षित हुन्छन् र बिद्यालयमा पर्यवेक्षणमा हुँदा अन्लाईन दिइन्छ र पुरा भएपछी राज्यको मुल्याङ्कन गर्ने व्यक्तिलाई प्रदान गरिन्छ। थप जानकारीको लागि जानु होलाः
http://www.pdesas.org/module/assessment/About.aspx

धर्मको कारण किस्टोन परिक्षा मात्रै नदिने अधिकार पाउने छ। यो नियम पि बि ए को लागि लागु हुँदैन। २०१७ पछी किस्टोन परिक्षा नदिने विद्यार्थीहरुले स्नातक प्राप्त गर्न पि बि ए मा प्रविणता देखाउनु पर्ने छ।

**किस्टोन परिक्षाको बारे थप जानकारी प्राप्त गर्न आफ्नो बिद्यालय जिल्ला संपर्क गर्नु होला वा *www.pdesas.org* वेबसाईटमा जानु होला**